# सान्नी त्रिबेणी गाउँपालिका



# प्रथम कृषि आवधिक बिकास योजना

## (२०७९/८० – २०८३/८४)

## सान्नी त्रिबेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### कालिकोट, कर्णाली प्रदेश, नेपाल

२०७९

**दस्तावेज:** **सान्नी त्रिबेणी गाउँपालिकाको प्रथम आवधिक कृषि  विकास योजना २०७९**

प्रकाशक: सान्नी त्रिबेणी गउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मेहलमुडि, कालिकोट

सर्वाधिकार: प्रकाशकमा

सहकार्य: तेर दे जोम फाउन्डेसन

प्राविधिक सहयोग: *सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा. लि., ललितपुर*, *www.csds.com.np*

सम्पर्कको लागि: सान्नी त्रिबेणी गउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

मेहलमुडी, कालिकोट


कर्णाली प्रदेश

नेपाल

फोन नं.: ९८४८३७७०७७

ईमेल: ito.strm@gmail.com

**सान्नी त्रिबेणी गाउँपालिकाको भूउपयोग नक्शा**



# सान्नी त्रिबेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मेहलमुडि, कालिकोट

प. सं.
च. नं.

मितिः २०७९।०८।२९

**प्रकाशकीय**

नेपालको संविधान मार्फत संघीय संरचना सहितको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, सामाजिक न्याय सहितको समानुपातिक, समावेशी शासकीय संरचना, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धिहरु संस्थागत भएका छन् । संघीय संरचना अन्तगत निर्वाचित स्थानीय सरकार लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको आधारभुत मेरुदण्डका रुपमा रहेको छ । स्थानीय तह, प्रदेश र संघ बीच समन्वय, सहकार्य र सह–अस्तित्वको सिद्धान्तका आधारमा शासन व्यवस्थाको संचालनबाट मात्रै जनताको जनआकांक्षा पुरा गर्न सकिन्छ । यसै मर्मलाई मध्य नजर गर्दै, स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ ।

यसै प्रावधान तथा गाउँपालिकाको समग्र नतिजामूखि विकासका लागि आवश्यकता महसुस गरी सान्नी त्रिबेणी गाउँपालिकाको पहिलो आवधिक कृषि योजना तर्जुमा गरिएको छ । यसवाट गाउँपालिका क्षेत्रको सेवा प्रवाह, नीति तथा कार्यक्रम निर्माण, योजना तर्जुमा, आन्तरिक आय वृद्धि तथा विकास प्रकृया लगाएत समग्र गाउँ पालिकाको उत्थान तथा रुपान्तरणमा मार्गदर्शन गर्नेछ भन्ने पूर्ण विश्वास लिएको छु । यो योजनाले सान्नी त्रिबेणी गाउँ पालिकाको कृषि क्षेत्रको बिकासलाई आगामी वर्षहरुमा कसरी र कहाँ लैजाने भन्ने कुरा दिशानिर्देश गर्ने विश्वास लिएको छु । यसका साथै कृषि क्षेत्रको विकास प्रति चासो व्यक्त गर्ने अन्य विकास साझेदारहरु तथा सरोकारवालाका लागि समेत यो आवधिक कृषि योजना महत्वपूर्ण र सहयोगी सिद्ध हुनेछ ।

यस आवधिक कृषि योजना तर्जुमा कार्यमा सहयोग तथा परामर्श प्रदान गर्ने गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, स्थानीयस्तरमा कृयाशिल राजनीतिक दल, कर्मचारी मित्रहरु, विषयगत शाखा, अन्य सरोकारवाला संघ संस्था, तेर दे जोम र प्राविधिक सहयोग गर्ने सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा. लि., ललितपुरका प्रविधिक टोलीको योगदानको उच्च कदर गर्दे धन्यवाद व्यक्त गर्न चाहन्छु ।

धन्यवाद

.....................
मोहन बहादुर के.सी.
अध्यक्ष

# सान्नी त्रिबेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडि, कालिकोट

कर्णाली प्रदेश, नेपाल


प. सं.　　　　　　　　　　　　　　　　　　　　　　　　मितिः २०७९।०८।२

च. नं.

**मन्तव्य**

नेपालमा संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था लागु भएर स्थानीय सरकार संचालन ऐन २०७४ जारी पश्चात सान्नी त्रिबेणी गाउँ पालिकाको पहिलो आवधिक योजना तर्जुमा गरिएकोछ । यस गाउँपालिकाको एकीकृत स्वरुपको प्रथम आवधिक कृषि योजना तर्जुमा गरिएकोछ । गाउँपालिकाले स्थानीय स्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, क्षेत्रगत रणनीतिक योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानीय तहले आफ्नो अधिकारक्षेत्रका विषयमा आफ्नो मापदण्ड तथा कार्यविधि वनाई अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन विकास योजना तुर्जमा गरी कार्यान्वयन गर्नसक्ने प्रावधान अनुसार आवधिक गाउँ विकास योजना तर्जुमा गरिएको हो । यस कृषि योजनाले गाउँ पालिकाको दिर्घकालिन सोच निर्धारण गरी, आगामि ५ वर्षमा गाउँ पालिकालाई कस्तो अवस्थामा पुर्याउने भनेर लक्ष्य किटान र सो प्राप्तीका लागि श्रोत परिचालनको योजना समेत निर्माण गरेकोछ । सान्नी त्रिबेणी गाउँ पालिकाको नतिजामुखी तथा समग्र विकासमा र आगामी वर्षहरुको बार्षिक योजना तर्जुमामा योजना महत्वपूर्ण मार्गदर्शन प्रदान गर्ने विश्वास गरिएको छ ।

गाउँपालिकाको समग्र नेतृत्वको सहभागिताबाट तर्जुमा गरिएको यो कृषि योजना कृषि विकासका सवै उपक्षेत्रहरु समेटेर तयार गरिएको एकिकृत स्वरुपको योजना हो । गाउँ विकासका लागि सहकार्य गरिरहेको तेर दे जोम तथा विकास साझेदार लगायत सम्पुर्ण सरोकारवालाको लागि र गाउँ पालिकाको समग्र उत्थानको लागि महत्वपुर्ण दस्तावेज हुने विश्वास लिइएको छ ।

योजना तर्जुमामा सहयोग तथा सहकार्य गर्ने सम्पूर्ण पदाधिकारीहरु, राजनीतिक दल, कर्मचारी र आर्थिक सहकार्य गर्ने तेर दे जोम र प्राविधिक सहयोग गर्ने सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा. लि., ललितपुर र यसका प्राविधिक टोली सहित सबैको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद

.................................

पार्वती सिंह (संज्याल)

उपाध्यक्ष